संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - ५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल भदौ २९ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडिको वेलमा आइ विभिन्न किसिमका नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

तदुपरान्त नाराको बीच मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा मा० श्री प्रेम सुवालले भाग लिनुभयो ।

त्यसपछि मा० अर्थ मन्त्री श्री जनार्दन शर्माले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "विनियोजन विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले शोक प्रस्ताव प्रस्तुत गर्ने जानकारी भएपश्चात नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट नारा लगाउने क्रम रोकिएपछि सम्माननीय सभामुखले पूर्व राष्ट्रिय सभा सदस्य रूक्म शमशेर ज.ब.रा. एवम् संविधान सभा सदस्य मानबहादुर महतोको निधन भएकोमा निम्नलिखित शोक प्रस्तावहरू प्रस्तुत गर्नुहुँदा पारित भयो ।

शोक प्रस्ताव

(क) "प्रतिनिधि सभाको यो बैठक २०४८ सालमा राष्ट्रिय सभामा मनोनीत सदस्य, हाल नेपाली काँग्रेस पार्टीका नेता, भारतका लागि नेपाली राजदूत, नेपालको आर्थिक एवम् औद्यौगिक विकास, कुटनीतिक र खेलकूद क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका, शालीन एवम् भद्र व्यक्तित्वको रूपमा परिचित रूक्म शमशेर ज.ब.रा.को ८६ वर्षको उमेरमा मिति २०७८ साल भदौ २६ गते शनिबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा नेपाली काँग्रेस पार्टीको तर्फबाट समानुपातिक सदस्यमा निर्वाचित, सरल र मिलनसार एवम् निष्ठावान राजनीतिज्ञको रूपमा परिचित नेता मानबहादुर महतोको ७२ वर्षको उमेरमा मिति २०७८ साल भदौ २७ गते आइतबार उपचारको क्रममा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत पूर्व राष्ट्रिय सभा सदस्य रूक्म शमशेर ज.ब.रा. र संविधान सभा सदस्य मानबहादुर महतोको निधनप्रति शोक व्यक्त गर्न उठेर १ मिनेट मौन धारण गऱ्यो एवम् मौन धारण हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का मा० सदस्यहरूबाट पुनः नारा लगाउने क्रम जारी भयो ।

तदनन्तर अर्को बैठक २०७८ साल असोज ४ गते सोमबार बिहान ११:०० बजे बस्नेगरी दिनको १:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव